## अनुसूची
## (दफा २ को खण्ड (श) सँग सम्बन्धित)
## सम्बद्ध कसूर

**१. प्रचलित कानून अन्तर्गतको देहायको कुनै कसूरः-**

(क) सङ्गठित अपराधिक समूह र गैरकानूनी वा धुर्त्याइपूर्वकको असूली (र्‍याकेटिङ्ग) मा सहभागी हुने सम्बन्धी,

(ख) विध्वंसात्मक कार्य लगायत आतङ्कवाद सम्बन्धी,

(ग) जुनसुकै प्रकारको मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी,

(घ) बाल यौन शोषण लगायत जुनसुकै प्रकारको यौन शोषण सम्बन्धी,

(ङ) लागू औषध तथा मनोद्विपक पदार्थको गैरकानूनी ओसारपसार सम्बन्धी,

(च) हातहतियार खरखजानाको गैरकानूनी ओसारपसार सम्बन्धी,

(छ) चोरी गरिएको वा अन्य वस्तुको गैरकानूनी ओसारपसार सम्बन्धी,

(ज) भ्रष्टाचार तथा घुस सम्बन्धी,

(झ) ठगी सम्बन्धी,

(ञ) कीर्ते सम्बन्धी,

(ट) खोटा सिक्का वा मुद्रा सम्बन्धी,

(ठ) नक्कली वस्तुको उत्पादन तथा उत्पादनको गैरकानूनी प्रतिलिपि वा चोरी
(पाइरेसी अफ प्रोडक्टस्) सम्बन्धी,

(ड) वातावरण सम्बन्धी,

(ढ) ज्यान लिने तथा अङ्गभङ्ग सम्बन्धी,

(ण) अपहरण, गैरकानूनी थुना वा शरीर बन्धक सम्बन्धी,

(त) चोरी वा डकैती सम्बन्धी,

(थ) तस्करी (भन्सार, अन्तशुल्क तथा कर सहित) सम्बन्धी,

(द) कर (प्रत्यक्ष वा अप्रत्यक्ष समेत) सम्बन्धी),

(ध) आपराधिक लाभ (एक्स्टर्सन) सम्बन्धी,

(न) सामुद्रिक डकैती (पाइरेसी) सम्बन्धी,

(प) धितोपत्र वा कमोडिटिज बजारलाई प्रतिकूल प्रभाव पार्ने (मार्केट म्यानिपुलेसन) वा भित्री कारोबार (इन्साइडर ट्रेडिङ्ग) सम्बन्धी,

(फ) प्राचीन स्मारक संरक्षण सम्बन्धी,

(ब) वन, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण सम्बन्धी,

(भ) मुद्रा, बैकिङ्ग, वित्तीय, विदेशी विनिमेय, विनिमेय अधिकारपत्र, बीमा वा सहकारीसँग सम्बन्धी,

(म) कालोबजार, उपभोक्ता संरक्षण, प्रतिस्पर्धा वा आपूर्ति सम्बन्धी,

(य) निर्वाचन सम्बन्धी,

(र) सञ्चार, प्रसारण, विज्ञापन सम्बन्धी,

(ल) यातायात व्यवसाय, शिक्षा, स्वास्थ्य, औषधी वा वैदेशिक रोजगार ठगी सम्बन्धी,

(व) फर्म, साझेदारी, कम्पनी वा संघ संस्था सम्बन्धी,

(श) घर, जग्गा र सम्पत्ति सम्बन्धी,

(ष) चिठा, जुवा वा चन्दा सम्बन्धी,

(स) नागरिकता, अध्यागमन वा राहदानी सम्बन्धी ।

२. दफा ४ बमोजिमको आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर,

३. नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य कुनै कसूर, वा

४. प्रकरण (१), (२) वा (३) बमोजिम कसूर मानिने कुनै कार्य विदेशमा भए गरेको र त्यस्तो कार्य सम्बन्धित मुलुकको कानून बमोजिम समेत अपराध मानिने रहेछ भने त्यस्तो कसूर ।